# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/३/१४ गते मगंलवार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ५ ओटा उजुर उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनसरी जिल्ला भादगाउँ सिनवारी वडा न. ५ निवासी अन्दाजी ५२ वर्षीय चिरन्जिवी गौतम सहित उमेश शाह र दिपक विश्वकर्मालाई मिति २०५९/०२/१४ गते राज्य पक्षबाट वेपत्ता पारिएको र निजहरुको स्थिति सार्वजनिक नगरेकोले निजहरुको जीवन रक्षा गरी स्थिति सार्वजनिक गरि पाँउ भन्ने समेत व्यहोराको उजुरी । | २०५९/०२/१४ ६६५ | वेपत्ता | पीडितलाई वेपत्ता पार्ने कार्यमा संलग्न दोषी सैनिकहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र वेपत्ता पारिएका चिरन्जिवी गौतमको अवस्था तत्काल सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| २ | धनकुटा जिल्ला कुरुले तेनुपा गा.वि.स वडा न २ निवासी अम्बिका भण्डारीलाई इलाका प्रहरी कार्यालयका ईन्चाज रमेश कार्कीले हप्कीदप्की गर्ने षणयन्त्रपूर्ण तरिकाले दु:खदिने जस्ता अमानविय व्यवहार गरेकोले स्वतन्त्रापूर्वक जीवन यापन तथा पेशा व्यवसाय गर्न पाउने हकको रक्षार्थ आवश्यक सहयोग गरिदिनु भन्ने समेत व्यहोराको उजुरी । | २०५८/०९/०१ ८२४ | प्रहरीद्वारा यातना | पीडित अदालतमा न्यायको लागी गएकोमा जिल्ला तथा पुनरावेदन अदालतबाट समेत फैसला भई सकेको देखिएकाले अदालतको फैसला माग गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सुनसरी जिल्ला डुम्रहा गा.वि.स वडा न ५(हाल ईनरुवा न.पा.५) निवासी अन्दाजी ३६ वर्षीय उमेश शाहलाई मिति २०५९/०२/१४ गते राज्यपक्षबाट वेपत्ता पारिएको र विभिन्न समयमा राज्यले सार्वजनिक गरेको लिष्टमा समेत निजको स्थिति सार्वजनिक नगरेकोले निजको जिवन रक्षा गरी स्थिति सार्वजनिक गरिदिनु भन्ने समेत व्यहोराको उजुरी । | २०५९/०२/१४, ६६४ | वेपत्ता | पीडितलाई वेपत्ता पार्ने कार्यमा संलग्न दोषी सैनिकहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र वेपत्ता पारिएका उमेश शाहको तत्काल अवस्था सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ४ | बाँके जिल्ला ,नेपालगन्ज नगरपालिका वडा न. १ मा गौरी विनायक ट्रेडिङ कन्सर्न संचालन गर्दै आउनु भएकाभूपेन्द्र उप्रेतीलाई मिति २०६०/०८/२३ गते ब्यापारिक कारोवारको सिलसिलामा धम्बोजी विरेन्द्र चोकमा गएको अवस्थामा इमामनगर व्यारेक गुल्मबाट खटिआएका सुरक्षाकर्मीहरुले उहाँसगँ रहेको भे.१.प.१८२३ न.RX मोटरसाइकल सहित पकाउ गरी लगेको र निजको स्थिति हालसम्म पनि अज्ञात रहेकोले सार्वजनिक गरी जीवन रक्षा गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०६०।८।२३, १३२८ | वेपत्ता | तत्कालिन अवस्थाका मध्य पशिचम पृतना मुख्यालय राँझा व्यारेकका तत्कालिन कर्णेल समिर शाह तथा अन्य संलग्न दोषीहरुको पहिचान गरी कानुन बमोजिम कारवाही गर्न र वेपत्ता पारिएका भूपेन्द्र उप्रेतीको अवस्था तत्काल सार्वजनिक गर्न तथा निज भूपेन्द्रको नाममा दर्ता रहेको मोटरसाईकल तत्कालिन शाही नेपाली सेनाले कब्जामा लिई फिर्ता नगरेको देखिदा सो वापत रु ६००००(साठी हजार मात्र) क्षतिपूर्ती स्वरुप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ५ | सुनसरी जिल्ला इटहरी वडा न. ४ श्रमिक टोल बस्ने पुष्प भण्डारीलाई कामको सिलसिलामा धरान गएको अवस्थामा मिति २०६०/०७/०३ गते सुरक्षाफौजले सदन रोड धरान बाट पकाउ गरी वेपत्ता पारेकोले निजको जीवन रक्षा गरी स्थिति सार्वजनिक गर्नु भन्ने समेत व्यहोराको उजुरी । | २०६०।०७।०३ ३०२ | वेपत्ता | पीडितलाई वेपत्ता पार्ने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र वेपत्ता पारिएका पीडित पुष्प भण्डारीको अवस्था तत्कालै सार्वजनिक गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

का. मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org